बन्दीपुर गाउँपालिका

Bandipur Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of Rural Municipal Executive

बन्दीपुर, तनहुँ

Bandipur, Tanahun

२०७३

गण्डकीप्रदेश, नेपाल

Gandaki Province , Nepal

प.सं.(Ref. No.):-०७९/८०

च.नं.(Des. No.):-

मिति(Date):-२०७९/०७/०४

## व्यवसायिक भवनको सटर भाडा सम्बन्धी शिलबन्दी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।७।३

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९।५।३० गतेको निर्णयानुसार बन्दीपुर गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिलका शिर्षकमा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, कम्पनी वा फर्महरुले उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य शिलबन्दी पेश गर्नु हुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम | सटर संख्या | ठेक्काको समयावधि |
|---|---|---|---|---|
| BRM/आ/०६/आ.०७९/०८० | डुम्रे बजार स्थित गाउँपालिकाको स्वामित्वमा रहेको व्यवसायिक भवनको सटर भाडामा लगाउने कार्य | प्रति सटर मासिक रु. ५,०००।०० | १ देखि १३ | आ.व. २०७९/८० को असार मसान्त सम्म |

### शर्तहरु

१. शिलबन्दी प्रस्ताव फारम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)औं दिनको कार्यालय समय भित्र सटर भाडामा लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघसंस्थाले फिर्ता नहुने गरि रु. १,०००।- दस्तुर तिरी यस कार्यालयबाट आवेदन खरिद गर्न सक्नेछ । आवेदन दर्ता गर्दा आफुले कवोल गरेको कूल अंकको ५% रकम यस गाउँपालिकाको धरौटी खाता नं. १४६२०५००२६९१२०१० एन. आई.सी. एसिया बैंक, डुम्रे शाखामा जम्मा गरेको भौचर समेत पेश गर्नु पर्नेछ ।

२. सटर भाडामा लिई आफुले संचालन गर्ने व्यापार व्यवसायसंग सम्बन्धित आ.व. २०७९।८० मा नविकरण गरिएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त मू.अ.कर वा प्यान नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७७०७८ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा प्रोपाईटरको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, दरभाउपत्र पेश गर्न अयोग्य नरहेको स्वघोषणा लगायतका



नि.प्रमुख प्रशासकीय अधिकृत

आवश्यक अन्य कागजातहरु र यस कार्यालयबाट खरिद गरिएको आवेदनमा कबोल रकम अंक र अक्षर दुवैमा भरी शिलबन्दी गरि पेश गर्नु पर्नेछ ।

३. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी संलग्न राखि यस कार्यालयबाट खरिद गरिएको आवेदनमा कबोल रकम अंक र अक्षर दुवैमा भरी शिलबन्दी गरि पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित मितिले १६ (सोह्र)औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी गरी पेश गरि सक्नु पर्नेछ । दर्ता भएका आवेदनहरुबाट १६औं दिनको अपरान्ह २:०० बजे कार्यालयका प्रतिनिधि र आवेदकको रोहबरमा शिलबन्दी खोलिनेछ । आवेदकको अनुपस्थिति भएमा पनि यस कार्यालयलाई शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । शिलबन्दी पेश गर्ने र खोलिने मितिमा सार्वजनिक विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. प्रति सटर तोकिएको न्यूनतम मासिक भाडामा सबै भन्दा बढी कबोल गर्ने र रितपूर्वक पेश भएको दरभाउपत्रलाई स्वीकृत गरिनेछ ।

६. आवेदन स्वीकृत भएको आवेदकले स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ दिन भित्र आफुले कबोल गरेको मासिक भाडाको दरले जम्मा ३ महिनाको भाडा वापत हुने रकम धरौटी सहित आ.व. २०७९।८० को लागि मात्र सम्झौता गर्न आउनु पर्नेछ । धरौटी रकम यस गाउँपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्ने छ ।

७. म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएको, रित नपुगेको, कनै शर्त राखि पेश भएको, सूचनाको शर्त विपरित भएको आवेदन माथि कुनै कारवाही हुनेछैन ।

८. शिलबन्दी आवेदन स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

९. तोकिएको म्याद भित्र धरौटी सहित सम्झौता नगरेमा त्यस पछि बढी कबोल गर्ने व्यक्ति, फर्म, कम्पनी तथा संघ संस्थासंग सम्झौता प्रक्रिया अगाडी बढाईनेछ ।

१०. कानूनले बन्देज लगाइएको सामानहरु विक्रि वितरण गर्न पाईने छैन ।

११. पानी महशुल तथा विद्युत महशुल भाडामा लिने व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्था स्वयमले व्यहोर्नु पर्नेछ ।

२०७९।८।४

सुनिल पाण्डे
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत